# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
# National Natural Resources and Fiscal Commission

पत्र संख्या :
च. नं./Ref :

मितिः २०८०/०३/०६

## लेख रचनाको लागि अनुरोध

यस आयोगको वार्षिक उत्सव समारोहमा प्रकाशन हुने "स्मारिका" मा लेख रचना प्रकाशित गराउन चाहने लेखक महानुभावहरूलाई आयोगमा प्राप्त हुने गरी नेपाली वा अंग्रेजी भाषामा लेख रचना पठाउन हार्दिक अनुरोध गरिन्छ। वित्तीय सङ्घीयता र प्राकृतिक स्रोत सम्बद्ध विषय समावेश भएका मौलिक, खोजपूर्ण, विचार प्रधान तथा अनुसन्धानमूलक लेख रचनाहरू प्रकाशनको निमित्त ग्राह्य हुनेछन्। प्रकाशनार्थ पठाइने लेख रचनाको सुरूमा साराँश, अन्त्यमा निष्कर्ष र लेखमा प्रयोग भएका सन्दर्भ सामग्रीहरू समेत संलग्न गरी न्यूनतम २५०० देखि बढीमा ४००० शब्द भएको हुनुपर्नेछ। स्मारिकामा प्रकाशनको लागि पठाइएका लेख रचनाहरू अन्यत्र प्रकाशन गर्नुपरेमा प्रकाशकको पूर्व स्वीकृति लिनुपर्नेछ। स्मारिकामा प्रकाशनार्थ प्राप्त लेख रचनाहरू स्वीकार गर्ने वा नगर्ने अधिकार आयोगमा रहनेछ। लेख रचना पठाउँदा नेपाली भाषाको हकमा युनिकोडको कालिमाटी र अंग्रेजीको हकमा Times New Roman फन्टमा टाइप गरी आयोगको इमेल ठेगाना info@nnrfc.gov.np मा मिति २०८० साल श्रावण १५ गतेभित्रमा पठाउनु पर्नेछ। स्मारिकामा प्रकाशित लेख रचनाका लागि स्वीकृत सरकारी मापदण्ड बमोजिमको रकम पारिश्रमिक स्वरूप उपलब्ध गराइनेछ।

शाखा अधिकृत

सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२००५९२, फ्याक्सः +९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail : info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np